# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०२।१९ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

-----------------------------------------------

श्री युवक उच्च माध्यमिक विद्यालय, जोगीगाउँ, बर्दियामा कार्यरत उच्च माध्यमिक अन्तर्गत लेखा विषयका शिक्षक वीर बहादुर थारूको स्नातकोत्तर तहको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली भएको हुँदा आवश्यक छानबिन गरी कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निज श्री युवक उच्च माध्यमिक विद्यालय, जोगीगाउँ बर्दियाका तत्कालीन उच्च माध्यमिक तह, अनुदान कोटा लेखा विषयको अस्थायी करार शिक्षक वीर बहादुर थारूले डा. राम मनोहर लोहिया अवध विश्वविद्यालय, फैजावाद भारतबाट M.COM पास गरेको नक्कली एवं झुठ्ठा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी पदमा नियुक्ति भई सरकारी ओहदामा बहाल रही भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर गरेको देखिन आएको हुँदा निज वीरबहादुर थारू उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम कैद र जरिवानाको सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता